# लिखु तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धोबी बजार, रामेछाप

बागमती प्रदेश, नेपाल


## कृषि यन्त्र/औजार/उपकरण आपूर्तिका लागि शीलबन्दी प्रस्ताव तथा सूचीकृत हुने सम्बन्धी सूचना

-प्रथम पटक प्रकाशित मिति २०८१/०२/०९ गते_

लिखु तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धोबी बजार, रामेछापको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कृषि यान्त्रीकरण कार्यक्रम अन्तर्गत कृषकहरुको माग र स्वीकृत बजेटको परिधिभित्र रही कृषि यन्त्र/औजार/उपकरणहरु ५०% अनुदानमा उपलब्ध गराउन उक्त सामग्रीहरुको न्यूनतम दररेट कायम गर्ने प्रयोजनका लागि तपसिलमा उल्लेखित कृषि यन्त्र/औजार/उपकरणहरु न्यूनतम दरभाउमा आपूर्ति गर्न इच्छुक न्यूनतम योग्यता पुगेका आधिकारिक उत्पादक/बिक्रेता/फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ (२३ गते) दिनभित्र कार्यालय समयमा तपसिलमा उल्लेखित कागजातहरु सहित शीलबन्दी दरभाउ पत्र प्रस्ताव पेश गर्नु हुन साथै सूचीकृत हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आपूर्ति गर्नु पर्ने यन्त्र/औजार/उपकरणहरुः-**

| क्र.सं. | यन्त्र/औजार/उपकरणको नाम | कैफियत |
|---|---|---|
| १. | कम्बाइन इलेक्ट्रिकल राइस मिल | |
| २. | मल्टिक्रप थ्रेसर | |
| ३. | मेज सेलर | |
| ४. | मिनिटिलिर डिजेल ७ एच.पि. | |
| ५. | मिनिटिलिर डिजेल ५.५ एच.पि. | |

**आवश्यक कागजात एवम् शर्तहरुः**

१. फर्म/संस्था/कम्पनी दर्ता तथा नवीकरणको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर (VAT/PAN) दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
२. कम्पनीको हकमा कम्पनी रजिस्टरको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र ।
३. आ.व.२०७९/०८० को कर चुक्ता र लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।
४. नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
५. उपलब्ध गराउने सामग्रीहरुको आधिकारिक बिक्रेता/डिलरसिप रहेको प्रमाण पत्र ।
६. संस्थाले कुनै सजाय नपाएको वा संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्र ।
७. शीलबन्दी दरभाउ पत्र प्रस्ताव फाराममा आपूर्ति गरिने सामग्रीहरुको प्राविधिक स्पेसिफिकेसन खुलाई प्रति इकाइ दररेट नेपाली रुपैयाँ अङ्क र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
८. आपूर्ति कर्ताले आपूर्ति गर्ने खोजेको कृषि यन्त्र/औजार/उपकरणहरुको प्रस्तावित मोडल र ब्रान्डहरुको आधिकारिक टेस्ट रिपोर्टको प्रमाणित प्रतिलिपि ।
९. आपूर्ति गर्न सकिने कृषि यन्त्र/औजार/उपकरणहरुको स्पेसिफिकेसन, ब्रान्ड, मोडल, उत्पादक कम्पनी र देश खुल्ने क्याटलग, लिफलेट वा ब्रोसर अनिवार्य रुपममा पेश गर्नु पर्नेछ ।
१०. शीलबन्दी प्रस्ताव/दरभाउ पत्र मूल्याङ्कन पश्चात योग्य भई सूचीकृत हुन आउने आपूर्ति कर्ताहरुले कृषकहरुले बिक्री वितरण गरेको कृषि यन्त्र/औजार/उपकरणहरु सम्बन्धित प्राविधिकले चेक जाँच गरी स्वीकृत प्राविधिक स्पेसिफिकेसन अनुसार नै रहेको प्रमाणित कृषकहरुलाई बिक्री वितरण गर्ने प्रतिबद्धता पत्र पेश गर्नु पर्नेछ ।
११. रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु उपर कुनै प्रक्रिया अघि बढाउन कार्यालय बाध्य हुने छैन ।

**पुनश्चः** थप जानकारीको लागि यस गाउँपालिकाको फोन नं. ९८४४२८४१२८ मा सम्पर्क गर्न सक्नु हुनेछ । कृषि यन्त्र/औजार/उपकरणहरुको स्वीकृत प्राविधिक स्पेसिफिकेसन र शीलबन्दी दरभाउ प्रस्ताव फाराम यस कार्यालय वा कार्यालयको वेभसाइट www.likhutamakoshimun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।